नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट, काठमाडौं

# कविता प्रतियोगिता सम्बन्धी सूचना

राष्ट्रिय कर दिवस, २०८१ को अवसरमा **उद्योग, व्यापार, लगानी प्रवर्द्धन र कर सचेतना** सम्बन्धी विषयमा आयोजना गर्न लागिएको उच्च माध्यामिक विद्यालयस्तरीय खुल्ला कविता प्रतियोगितामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। प्रतियोगितामा प्रथम, द्धितीय र तृतीय स्थान हासिल गर्ने प्रतियोगीहरुलाई २०८१/०८/०१ गते कर दिवस समारोहमा पुरस्कृत समेत गरिने छ।

**पालना गर्नुपर्ने शर्तहरु**

- सहभागीहरुले मिति २०८१/०७/ २५ गते भित्र आइपुग्ने गरी मध्यमस्तरीय करदाता कार्यालयको ठेगाना बबरमहल काठमाडौं वा इमेल mlto@ird.gov.np मा कविता पठाई सक्नु पर्ने छ।
- कविता नेपाली भाषामा लेखिएको कही कतै वाचन वा प्रकाशन नभएको र मौलिक हुनु पर्ने छ।
- नेपाली भाषामा कम्प्युटर टाइप गरिएको बढीमा १५० शब्द सम्मको कविता पठाउनुपर्ने छ ।
- कविताको भाषा शिष्ट तथा मर्यादित हुनुपर्ने छ ।
- कविता पठाउने विद्यार्थीले आफ्नो नामथर, अध्ययन गर्ने विद्यालयको नाम, कक्षा खुलाई विद्यार्थी परिचयपत्र, विद्यालयको सिफारिस पत्र र हालसालै खिचिएको फोटोको डिजिटल कपि (स्क्यान) पठाउनुपर्ने छ ।